# मायादेवी गाउँपालिका
## Mayadevi Rural Muncipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

कम्हरिया,रुपन्देही/Kamhariya,Rupandehi

लुम्बिनी प्रदेश,नेपाल
LUMBINI,Province,Nepal


पत्र संख्या/Ref.No.:०७८/७९
चलानी नम्बर/Dispatch.No.: १२३०

मिति: २०७९/०१/०५

श्री कर्मचारी एवम् शिक्षकहरु सबै,

मायादेवी गाउँपालिका, रुपन्देही

**विषयः निर्वाचन आचारसंहिता , २०७८ परिपालना सम्बन्धमा ।**

प्रस्तुत विषयमा निर्वाचन आयोगले निर्वाचनमा स्वच्छता निष्पक्षता,पारदर्शिता तथा भयमुक्त वातारण कायम राख्न मितिः२०७८/१२/०३ मा जारी गरेको निर्वाचन आचारसंहिताको परिच्छेद -३मा पदाधिकारी,कर्मचारी तथा निकायले पालना गर्नुपर्ने आचरणहरुको व्यवस्था गरेकोमा तपसिलमा उल्लेखित आचरणहरुको जिम्मेवारीपूर्वक परिपालना गर्दै अन्य सम्बन्धित आचारसंहिता परिपालना गर्नुहुन आदेशानुसार अनुरोध छ । साथै आचारसंहिताको उल्लङ्घन भएको पाइएमा प्रचलित कानून अनुसार कारबाही हुने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिलः-**

१. कुनै राजनितिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन वा प्रचार प्रसार गर्न नहुने ।

२. राजनितिक दल वा उम्मेदवारले आयोजना गरेको बैठकमा,सभा,कार्यशाला गोष्ठी,सम्मेलन र अन्तरक्रिया जस्ता कार्यक्रममा भाग लिन नहुने ।

३. कुनै राजनितिक दल वा उम्मेदवारलाई आफ्नो वा कार्यालयको भवन,अतिथिगृह,सभागृह,सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने ।

४. आयोगले तयार पारेको निर्वाचन शिक्षा र निर्वाचन प्रचार प्रसारका कार्यक्रम बाहेक राजनितिक प्रकृतिका कुनै कार्यक्रम गर्न नहुने ।

५. उम्मेदवार वा राजनितिक दलको कुनै पनि निर्वाचन प्रचार प्रसारका सामग्री राख्न,टाँस्न,वा प्रचार प्रसार गर्न नहुने ।

६. सामाजिक सञ्जालमा राजनितिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश,सूचना,प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने ।

............................................

कृष्ण प्रसाद तिमिल्सिना

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**

*श्री जिल्ला प्रशासन कार्यालय,रुपन्देही ।*

*श्री जिल्ला निर्वाचन कार्यालय,रुपन्देही ।*

*श्री वडा कार्यालय सबै,मायादेवी गाउँपालिका,पत्रानुसार गर्नुहुन ।*

*श्री विद्यालयहरु सबै,मायादेवी गाउँपालिका,पत्रानुसार गर्नुहुन ।*